## कालिमाटी गाउँ कार्यपालिकाको ११ औं बैठक

आज मिति २०८२।१२।३० गते सोमबारका दिन विहान ८.०० बजेको समयमा कालिमाटी गाउँपालिका अध्यक्ष श्री दान बहादुर खत्री के.सी. ज्यूको अध्यक्षतामा तपसिल बमोजिम पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल भै देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर खत्री के.सी. | अध्यक्ष | |
| २ | श्री सनसिल्ता वली डि.सी. | उपाध्यक्ष | |
| ३ | श्री हर्क बहादुर वली | सचिव | |
| ४ | श्री रविलाल बस्नेत | कार्यपालिका सदस्य | |
| ५ | श्री ईन्द्र बहादुर वली | कार्यपालिका सदस्य | |
| ६ | श्री शिव बहादुर खत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री वेल बहादुर चन्द | कार्यपालिका सदस्य | |
| ८ | श्री टोप बहादुर कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री टेकराज पुलामी मगर | कार्यपालिका सदस्य | |
| १० | श्री मित्रलाल रिजाल | कार्यपालिका सदस्य | |
| ११ | श्री सुमित्रा राना | कार्यपालिका सदस्य | सुमित्रा |
| १२ | श्री लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री डिल्ली कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री तिल कुमारी कामी | कार्यपालिका सदस्य | |
| १६ | श्री विष्णु वली राजी | कार्यपालिका सदस्य | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | श्री दिप बहादुर वली | एम.आइ.एस.अपरेटर | |
| २ | श्री छविलाल खत्री | कार्यालय सहयोगी | |

CamScanner

<u>प्रस्तावहरु:</u>

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. पालिका भित्रका योजनाको भुक्तानी सम्बन्धमा।

३. १५ शैया अस्पताल सम्बन्धमा ।

४. बजेट संशोधन तथा रकमान्तर सम्बन्धमा ।

५. आर्थिक सहायता सम्बन्धमा ।

६. विविध ।

CamScanner

# निर्णयहरु:

## निर्णय नं. १

कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको १० औं बैठकले गरेका निर्णयहरुको समीक्षा गरियो । निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रुपमा भैरहेको पाईयो ।

## निर्णय नं. २

संघीय सरकार, प्रदेश सरकार, कालिमाटी गाउँपालिका र परियोजनाबाट आर्थिक वर्ष २०८२।०८३ मा संचालनमा रहेका योजनाहरुको निर्माण कार्य समयमै सम्पन्न गराउन अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तथा सम्पन्न भइसकेका योजनाहरुको समयमै भुक्तानी दिने वातावरण सिर्जना गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

कालिमाटी गाउँपालिका वडा नं. ३ स्थित १५ शैया अस्पताल निर्माणको लागि सम्मानित सल्यान जिल्ला अदालतमा मिति २०८१।०७।०४ गते काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं ५ नक्साल स्थित बिकोई जयबागेश्वरी सिस्ने जे भि र कालिमाटी गाउँपालिका बिच निर्माणाधिन १५ शैया अस्पतालको बाँकी काम प्राविधिक इस्टमेट अनुसार समयमै निर्माण कार्य सम्पन्न गर्न मिलापत्र भएकोमा सो मिलापत्र बमोजिम उक्त निर्माण व्यवसायीले मिलापत्रमा उल्लेखित शर्त बमोजिम कुनै पनि काम मिति २०८२।१२।३० गते सम्म कालिमाटी गाउँपालिकाले पटकपटक ताकेता गर्दा पनि कुनै पनि निर्माण कार्य नगरेकाले उक्त निर्माण व्यवसायीलाई कानुनी उपचारको लागि कालिमाटी गाउँपालिका रामपुर सल्यानको तर्फबाट कानुनी उपचारका लागि प्रस्तुत मिलापत्र उपर सम्मानित जिल्ला अदालत सल्यानमा फिराद दर्ता गर्न, वारिस नियुक्ति गर्न, मुद्दाको पुर्वपक्षीय गर्न र मुद्दा सँग सम्बन्धित सम्पूर्ण कार्य गर्नकोलागि लाईसेन्स नं १६९९२ का अधिवक्ता श्री ईन्द्र बहादुर भण्डारीलाई प्रतिनिधि तोक्ने निर्णय गरियो

CamScanner

## निर्णय नं.४

कालिमाटी गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ मा विनियोजित तपसिल बमोजिमका योजना तथा कार्यक्रम तपसिल बमोजिम संशोधन तथा रकमान्तर गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | योजनाको नाम (घटाउने) | बजेट | संशोधित योजना (बढाउने) | बजेट |
|---|---|---|---|---|
| १ | जस्तापाता खरिद कालिमाटी ७ | १० लाख | सल्यानथरी खानेपानी पाइप खरिद तथा निर्माण योजना कालिमाटी ७ | १० लाख |
| २ | त्रि ज मा वि फिल्ड निर्माण योजना कालिमाटी १ | ५ लाख | त्रिजमावि फिल्ड तथा प्रतिक्षालय निर्माण योजना | १० लाख |
| [illegible] | प्रतिक्षालय निर्माण योजना कालिमाटी १ | ५ लाख | | |
| ४ | न्याड खेलकुद कार्यक्रम | ५० हजार | विविध वडा नं ७ | ५० हजार |

## निर्णय नं.५

औषधी उपचार खर्च स्वरुप तपसिल बमोजिमका नागरिकलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम | आर्थिक सहायाता | ठेगाना |
|---|---|---|---|
| १ | जानकी कामी (उक्त रकम छोरी घनी कामीको खातामा जम्मा गर्ने) | १५ हजार | कालिमाटी २ |
| २ | राम बहादुर बुढा | १५ हजार | कालिमाटी ७ |

साथै कालिमाटी गाउँपालिका वडा नं. १ निवासी लाली पुनको छोरा वर्ष ३४ को झमन पुनको मिति २०८२।०७।२३ गते लक्ष्मीपुरको चुरीकोइरालामा आकस्मिक मृत्यु भएको हुँदा मृतकको लास पोस्टमार्टम, दाह संस्कार र काजक्रिया खर्च स्वरुप विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी रु २०,०००।-(अक्षरुपी बिस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं.६

क. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।०७।१७ गते को निर्णयानुसार आन्तरिक राजस्व विभाग अन्तर्गतका सबै करदाता सेवा कार्यालय खारेज भई उक्त कार्यालयबाट प्रवाह हुँदै आएका करदाता सेवा सम्बन्धी आभारभूत सेवाहरु हाल कोष तथा लेखा नियन्त्रक कार्यालय र केही स्थानीय तहबाट प्रवाह भइरहेको अवस्थामा आन्तरिक राजस्व कार्यालय तुल्सीपुर, दाङको मिति २०८२।११।१० गतेको प्राप्त पत्रानुसार यस कालिमाटी गाउँपालिकाले आन्तरिक राजस्व विभागको मिति २०८२।०९।२० मा रहेको स्वीकृत कार्यक्षेत्रगत (TOR) शर्तहरु र मिति

CamScanner

२०८२।०८।२१ मा स्वीकृत कार्यसंचालन कार्यविधि (SOP) को अधिनमा रही करदाता सेवासँग सम्बन्धित आधारभूत सेवाहरु प्रवाह गर्ने सम्बन्धमा यस कालिमाटी गाउँपालिकाले समझदारी पत्रमा हस्ताक्षर गरी करदाता सेवा प्रवाह गर्ने निर्णय गरियो ।

ख. जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अन्तर्गत नमूना ग्रिन हाउस निर्माण गरी तरकारी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न कालिमाटी गाउँपलिका वडा नं. ३ मा रहेको जलवायु अनुकूलन तरकारी उत्पादन कृषक समूहलाई छनौट गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

CamScanner

<u>कालिमाटी गाउँ कार्यपालिकाको १० औं बैठक</u>

आज मिति २०८२।१२।१४ गते शनिबारका दिन दिउसो ३.०० बजेको समयमा कालिमाटी गाउँपालिका अध्यक्ष श्री दान बहादुर खत्री के.सी. ज्यूको अध्यक्षतामा तपसिल बमोजिम पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल भै देहाय बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थिति:</u>

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर खत्री के.सी. | अध्यक्ष | |
| २ | श्री सनसिल्ता वली डि.सी. | उपाध्यक्ष | |
| ३ | श्री हर्क बहादुर वली | सचिव | |
| ४ | श्री रविलाल बस्नेत | कार्यपालिका सदस्य | |
| ५ | श्री ईन्द्र बहादुर वली | कार्यपालिका सदस्य | |
| ६ | श्री शिव बहादुर खत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री वेल बहादुर चन्द | कार्यपालिका सदस्य | |
| ८ | श्री टोप बहादुर कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री टेकराज पुलामी मगर | कार्यपालिका सदस्य | |
| १० | श्री मित्रलाल [illegible]ल | कार्यपालिका सदस्य | |
| ११ | श्री सुमित्रा राना | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री डिल्ली कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री तिल कुमारी कामी | कार्यपालिका सदस्य | |
| १६ | श्री विष्णु वली राजी | कार्यपालिका सदस्य | |

<u>आमन्त्रित</u>

| | | | |
|---|---|---|---|
| १ | श्री दिप बहादुर वली | एम.आइ.एस.अपरेटर | |
| २ | श्री छविलाल खत्री | कार्यालय सहयोगी | |

## निर्णयहरु:

**निर्णय नं. १**

कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको ९ औं बैठकले गरेका निर्णयहरुको समीक्षा गरियो । निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रुपमा भैरहेको पाईयो ।

**निर्णय नं. २**

आ.ब २०८३।०८४ का लागि तपसिल बमोजिमका खानेपानी र सिचाई तर्फका योजना छनौट गरी परियोजना सहयोग इकाई सुर्खेतमा पठाउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | घरधुरी | प्राथमिकीकरण |
|---|---|---|---|---|
| १ | राजीकोट लिफ्टिङ खानेपानी योजना | कालिमाटी १ | १०० | १ |
| २ | काउले लिफ्टिङ खानेपानी योजना | कालिमाटी १ | ७० | ३ |
| ३ | मर्चेवारी दलपुरे पातिहाल्ना खानेपानी योजना | कालिमाटी १ | ८० | ४ |
| ४ | लम्मेसोती चौर खैरेनी सिचाई योजना | कालिमाटी १ | ६० | ७ |
| ५ | तल्लो चिसेतरा सिचाई योज़ना | कालिमाटी २ | ५० | २० |
| ६ | बाघखोर टाट्के सिचाई योजना | कालिमाटी २ | ५० | १४ |
| ७ | चौड्डी बल्ले लिफ्ट सिचाई योजना | कालिमाटी ३ | १०० | २ |
| ८ | छरिखोला बराचौर सिचाई योजना | कालिमाटी ३ | ५० | २१ |
| ९ | तिसमुरे पातिहाल्ना सिचाई योजना | कालिमाटी ३ | १०० | २२ |
| १० | तोरीवारी डिमिरे सिचाई योजना | कालिमाटी ४ | ५० | २४ |
| ११ | पुरुवा खेत सिचाई योजना | कालिमाटी ४ | ४५ | २३ |
| १२ | सुन्चौर लिफ्ट सिचाई योजना | कालिमाटी ४ | १४० | ६ |
| १३ | मदुवन तादरकोट खानेपानी योजना | कालिमाटी ५ | १९ | ५ |
| १४ | बेलघाट कदमघारी सिचाई योजना | कालिमाटी ५ | ३० | १३ |
| १५ | तल्लोतरा सिचाई कुलो निर्माण योजना | कालिमाटी ५ | ४५ | १५ |

| | | | | |
|---|---|---|---|---|
| १६ | घाटु गोठेरी सिचाई कुलो निर्माण योजना | कालिमाटी ५ | ३० | २५ |
| १७ | काफ्लगैरी ज्यामिरे खानेपानी योजना | कालिमाटी ६ | ६० | १२ |
| १८ | एकराते पाखोबारी सिचाई योजना | कालिमाटी ६ | ३६ | १६ |
| १९ | सिसनेरी असुरेनी सिचाई योजना | कालिमाटी ६ | २० | १९ |
| २० | हाउखोला स्वामिवास खानेपानी योजना | कालिमाटी ७ | ८० | ९ |
| २१ | बाघखोर घुइयावारी खानेपानी योजना | कालिमाटी ७ | ४५ | ८ |
| २२ | माथिल्लो बाटुले खानेपानी योजना | कालिमाटी ७ | ३५ | १७ |
| २३ | स्वामिवास सल्यानथरी सिचाई योजना | कालिमाटी ७ | ३५ | १८ |
| २४ | घुइयावारी लिफ्ट सिचाई योजना | कालिमाटी ७ | ३४ | ११ |
| २५ | माथिल्लो बाटुले लिफ्ट सिचाई योजना | कालिमाटी ७ | ३३ | १० |

## कालिमाटी गाउँ कार्यपालिकाको ९ औं बैठक

आज मिति २०८२।१२।०५ गते विहीबारका दिन विहान ८.०० बजेको समयमा कालिमाटी गाउँपालिका अध्यक्ष श्री दान बहादुर खत्री के.सी. ज्यूको अध्यक्षतामा तपसिल बमोजिम पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल भै देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति:

| क.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर खत्री के.सी. | अध्यक्ष | |
| २ | श्री सनसिल्ता वली डि.सी. | उपाध्यक्ष | |
| ३ | श्री हर्क बहादुर वली | सचिव | |
| ४ | श्री रविलाल बस्नेत | कार्यपालिका सदस्य | |
| ५ | श्री ईन्द्र बहादुर वली | कार्यपालिका सदस्य | |
| ६ | श्री शिव बहादुर खत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री वेल बहादुर चन्द | कार्यपालिका सदस्य | |
| ८ | श्री टोप बहादुर कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री टेकराज पुलामी मगर | कार्यपालिका सदस्य | |
| १० | श्री मित्रलाल रिजाल | कार्यपालिका सदस्य | |
| ११ | श्री सुमित्रा राना | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री डिल्ली कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री तिल कुमारी कामी | कार्यपालिका सदस्य | |
| १६ | श्री विष्णु वली राजी | कार्यपालिका सदस्य | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | श्री विष्णु भण्डारी | सुचना प्रविधि अधिकृत | [signature] |
| २ | श्री प्रदिप कुमार खत्री | सहायक पाचौं | [signature] |
| ३ | श्री दिप बहादुर वली | एम.आइ.एस.अपरेटर | [signature] |
| ४ | श्री गोविन्द खडका | फिल्ड सहायक | [signature] |
| ५ | श्री छविलाल खत्री | कार्यालय सहयोगी | [signature] |

CamScanner

## कालिमाटी गाउँ कार्यपालिकाको ९ औं बैठक

आज मिति २०८२।१२।०४ गते बुधबारका दिन विहान ८.०० बजेको समयमा कालिमाटी गाउँपालिका अध्यक्ष श्री दान बहादुर खत्री के.सी. ज्यूको अध्यक्षतामा तपसिल बमोजिम पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल भै देहाय बमोजिमका निर्णयहरु गरियो ।

### उपस्थितिः

| क्र.सं: | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर खत्री के.सी. | अध्यक्ष | |
| २ | श्री सनसिल्ता वली डि.सी. | उपाध्यक्ष | |
| ३ | श्री हर्क बहादुर वली | सचिव | |
| ४ | श्री रविलाल बस्नेत | कार्यपालिका सदस्य | |
| ५ | श्री ईन्द्र बहादुर वली | कार्यपालिका सदस्य | |
| ६ | श्री शिव बहादुर खत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री वेल बहादुर चन्द | कार्यपालिका सदस्य | |
| ८ | श्री टोप बहादुर कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री टेकराज पुलामी मगर | कार्यपालिका सदस्य | |
| १० | श्री मित्रलाल रिजाल | कार्यपालिका सदस्य | |
| ११ | श्री सुमित्रा राना | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री डिल्ली कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री तिल कुमारी कामी | कार्यपालिका सदस्य | |
| १६ | श्री विष्णु वली राजी | कार्यपालिका सदस्य | |

CamScanner

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | श्री विष्णु भण्डारी | सुचना प्रविधि अधिकृत | [signature] |
| २ | श्री प्रदिप कुमार खत्री | सहायक पाचौं | [signature] |
| ३ | श्री दिप बहादुर बली | एम.आइ.एस.अपरेटर | [signature] |
| ४ | श्री गोविन्द खडका | फिल्ड सहायक | [signature] |
| ५ | श्री छविलाल खत्री | कार्यालय सहयोगी | [signature] |

## निर्णयहरु:

**निर्णय नं. १**

कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको आठौं बैठकले गरेका निर्णयहरुको समीक्षा गरियो । निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रुपमा भैरहेको पाईयो ।

**निर्णय नं. २**

कालिमाटी गाउँपालिका द्वारा स्थानीय भूउपयोग जग्गा वर्गीकरण गरी कित्तागत विवरण तयार पारी प्रस्तुतीकरण भएकाले स्थानीय राजपत्रमा प्रकाशन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

कृषि व्यवसायलाई दिगो र उत्पादनशील बनाई कृषकहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि तथा पशुपन्छी पालन व्यवसायलाई व्यवसायीकरण र आधुनिकीकरण तर्फ उन्मुख गराउनका साथै लोप हुँदै गएका रैथाने जातका पशुपन्छी पालनलाई प्रवर्द्धन गर्न कालिमाटी गाउँपालिकाले तयार पारेको रैथाने पन्छी प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८२ आवश्यक संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) अन्तर्गत स्थानीय आवश्यकता अनुसार दक्ष जनशक्ति उत्पादन गरी युवायुवतीलाई सीपमूलक तालिम प्रदान गर्दै रोजगारी सिर्जना गर्नको लागि तालिम योजना बनाउन तपसिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. श्री सनसिल्ता वली डि.सी. संयोजक
२. श्री हर्क बहादुर वली - प्रमुख प्रशासकीय अधिकृत - सदस्य
३. श्री रविलाल बस्नेत _ वडा अध्यक्ष - सदस्य
४. श्री सुवाश बुढाथोकी - रोजगार संयोजक - सदस्य
५. श्री हेरम बस्नेत - व. उद्यम सहजकर्ता - सदस्य
६. श्री भरत कुमार चन्द - शिक्षा अधिकृत - सदस्य सचिव

निर्णय नं.५

कालिमाटी गाउँपालिकाको समन्वय, हेल्भेटास नेपालको सहयोग तथा सुन्दरनेपाल सुर्खेतको सहजीकरणमा संचालित एकीकृत जलस्रोत व्यवस्थापन (Integrated water Resource Management Program (IWRM-P) कार्यक्रम अन्तर्गत आगामी आर्थिक वर्ष २०८३।०८४ मा खानेपानी योजनाहरु लागत साझेदारीमा कार्यान्वयन गर्नको लागि तपसिल बमोजिमका योजना छनौट गरी पठाउने निर्णय गरियो ।

तपसिल

| क.स | प्राथमिकीकरण | खानेपानी योजनाको नाम | ठेगाना | लाभान्वित घरधुरी | कै |
|---|---|---|---|---|---|
| १ | वडा नं. १ | मर्चेवारी कालढार पातिहाल्ना खानेपानी योजना | कालिमाटी १ | १५० | |
| २ | वडा नं. २ | नयाँवस्ती तारमटोल खानेपानी योजना | कालिमाटी २ | ४०(लक परियोजनामा सिफारिस) | |
| ३ | वडा नं. ३ | राजीगाउँ लिफ्टिङ खानेपानी योजना | कालिमाटी ३ | ३५० | |
| ४ | वडा नं. ४ | तल्लो खैरेनी खानेपानी योजना | कालिमाटी ४ | ६५ | |
| ५ | वडा नं. ५ | जुमखोला खानेपानी योजना | कालिमाटी ५ | ५२ | |
| ६ | वडा नं. ६ | गुरुङ गाउँ सिरेनी खानेपानी योजना | कालिमाटी ६ | ३७ | |
| ७ | वडा नं. ७ | हाउखोला स्वामिवास खानेपानी योजना | कालिमाटी ७ | १०० | |

निर्णय नं. ६

क. कालिमाटी गाउँपालिका आर्थिक वर्ष २०८२।०८३ मा वडा नं. ७ को विनियोजित बजेट तथा कार्यक्रम तपसिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| क.सं. | भएको योजना तथा कार्यक्रम (घटाउने) | बजेट | नयाँ योजना तथा कार्यक्रम (बढाउने) | बजेट |
|---|---|---|---|---|
| १ | कृषि सामाग्री खरिद तथा तालिम | १ लाख | ग्याङ खेलकुद कार्यक्रम | ५० हजार |
| | | | घुइयावारी खेलकुद कार्यक्रम | ५० हजार |
| २ | बाटुल्ले खानेपानी मर्मत तथा पाइप खरिद लाख | २ लाख | ज्यामिरे खोली कुटानी मिल इन्जिन खरिद | २ लाख |
| ३ | धुलेवस्ती कुटानी पिसानी मिल खरिद | १ लाख | बनगाउँ सुरक्षित आवास निर्माण | ३ लाख |
| ४ | काप्रेचौर स्वास्थ्य चौकी मर्मत | २ लाख | | |
| ५ | घुइयावारी ह्याण्डपम्प निर्माण योजना | ३ लाख | घुइयावारी ह्याण्डपम्प निर्माण योजना | ३ लाख ५० हजार |
| | मनकामना आ वि पाइप खरिद योजना | ५० हजार | | |
| ६ | मादले खोला कल्भर्ट तथा सल्याव निर्माण योजना | १० लाख | जस्तापाता खरिद वडा नं. ७ | १० लाख |

ख. कालिमाटी गाउँपालिका वडा नं. ३ स्थित इलाका प्रहरी कार्यालय रामपुर सल्यानको परिसरमा रहेको प्रतिक्षालय गोलघरमा खरको छाना जीर्ण अवस्थामा रहेको हुँदा सो छाना मर्मत तथा निर्माण कार्यको लागि रु ३० हजार विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी सो रकम उपलब्ध गराउने निर्णय गरियो ।

ग. हालसम्म उपलब्ध गराइएका आर्थिक सहायता वापतको रकम अनुमोदन गर्ने निर्णय गरियो । साथै कालिमाटी गाउँपालिका वडा नं. ७ का वडा अध्यक्ष श्री मित्रलाल रिजाल काठमाडौंमा रहको ग्राण्डी अस्पतालमा उपचार्थ अवस्थामा रहेको हुँदा उपचार खर्च स्वरुप विल बमोजिमको रकम रु ३५ हजार उपलब्ध गराउने निर्णय गरियो ।

घ. लघुउद्यम विकास कार्यक्रम अन्तर्गत विनियोजित शशर्त अनुदान तर्फको स्वीकृत कार्यक्रम अनुसार स्थानीय स्तरमा सीप विकास तथा रोजगारी प्रवर्द्धन गर्ने उद्देश्यले वडा नं. ३ को सभाहलमा हाउस वाइरिङ तालिम संचालन गर्ने निर्णय गरियो । उक्त तालिममा पालिकाभित्रका सम्वन्धित वडाबाट १/१ जना सिफारिस गरी जम्मा १० जना सहभागिता सहित १ महिनाको अवधि कायम गरी तालिम संचालन गर्ने साथै सो तालिममा सहभागी प्रशिक्षार्थीहरुको लागि दैनिक रु ५००।- का दरले भत्ता उपलब्ध गराउने साथै आवतजावत खर्च तथा दैनिक खाजा व्यवस्था समेत कार्यक्रमको स्वीकृत बजेट सीमाभित्र रही उपलब्ध गराउने निर्णय गरियो ।

ङ. आर्थिक वर्ष २०८२।०८३ को कर्णाली प्रदेश सरकारको वार्षिक कार्यक्रम अन्तर्गत विपन्न तथा जनता आवास कार्यक्रमको लागि यस कालिमाटी गाउँपालिकामा तपसिल बमोजिम लाभग्राहीको विवरण पुर्वाधार विकास कार्यालय, सल्यानमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | नाम थर | ठेगाना | मो.नं. | कै. |
|---|---|---|---|---|
| १ | श्री गोपाल वि.क (विपन्न) | कालिमाटी ७ | ९८४४८५६१९७ | |
| २ | श्री बसन्ती परियार (जनता) | कालिमाटी ६ | ९८५७८७८२८३ | |

च. कालिमाटी गाउँपालिका वडा नं. ३ अन्तर्गत अग्रले खोलाले पट्टे क्षेत्रमा वर्षायामको समयमा बाढी पहिरो आइ सो क्षेत्रका घरहरु पुरी बस्तीमा ठुलो क्षति पुऱ्याएको हुँदा तत्काल रोकथाम नगरे थप मानवीय र भौतिक क्षति हुनेभएकाले क्षतिग्रस्त क्षेत्रमा ठाडो खोला रोकथामका लागि विपद व्यवस्थापन कोषबाट रु ५,००,०००।- (अक्षरुपी पाँचलाख) बजेट विनियोजन गरी प्राविधिक इष्टमेटका आधारमा निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

छ. कालिमाटी गाउँपालिका वडा नं. ५ स्थित बालुवा उपल्लो सम्म सडक ग्राभेल निर्माण योजनाको लागि परामर्श शीर्षकबाट विनियोजन हुने गरी रु ५,००,०००।- बजेट विनियोजन गर्ने निर्णय गरियो ।

ज. कालिमाटी गाउँपालिका वडा नं. ५ स्थित मनिकापुर सडक ग्राभेल निर्माण योजना सम्पन्न गर्न रु ५,००,०००।- लाख बजेट विनियोजन भएकोमा सो रकमले उक्त योजना सम्पन्न गर्न नसकिने भएको हुँदा सेवा परामर्श शीर्षकबाट विनियोजन हुने गरी थप रु ५,००,०००।- बजेट विनियोजन गर्ने निर्णय गरियो ।